**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०५ अक्तूबर २०२३

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदीले प्राकृतिक आपदाग्रस्त सिक्किमलाई हरसम्भव सहयोग दिने आश्वासन दिनुभएको छ।

२. सिक्किमका मुख्यमंत्री प्रेमसिंह तामंगको अध्यक्षतामा आज आपदाको वर्तमान स्थितिलाई एक उच्चस्तरीय बैठक सम्पन्न भयो।

३. पश्चिम बंगालको उत्तरी क्षेत्रका विभिन्न भागमा बाढ़ीको अवस्था गम्भीर बनेको छ।

४. प्रर्वतन निदेशालयले राज्यका खाध्य तथा अपूर्ति मंत्री रथिन घोषको निवास सहित विभ्झिन्न स्थानमा छापा मारेको छ।

५. छ।

**पी.एम सिक्किम**

प्रधानमन्त्री नरेन्द्र मोदीले प्राकृतिक आपदाग्रस्त सिक्किमलाई हर संभव सहायता गर्ने आश्वासन दिनुभएको छ। श्री मोदीले मुख्यमंत्री प्रेमसिंह तामंङसित कुराकानी गर्नुभयो अनि स्थितिबारे जानकारीलिनुभयो। प्रधानमंत्रीले प्रभावित मानिसहरूको सुरक्षा अनि कल्याणको कामना गर्नुभयो। राज्यमा मंगलबार राति बादल फाटेर टिस्टा नदीमा अचानक बाढ़ आएपछि धेरै जयानमालको क्षति भएको छ। अहिलेसम्म १४ मानिसले ज्यान गुमाएका छन् अनि सेनाका जवान लगायत सय भन्दा अधिक मानिस वेपत्ता भएका छन्। यस प्रकोपबाट २२ हजारभन्दा अधिक मानिस प्रभावित भएका छन्। राष्ट्रिय आपदा मोचन बलका तीनैवआ दल , सेना अनि वायु सेनाले राहत एवं बचाउ कार्यमा राज्य सरकारलाई सहयोग गरिरहेका छन्। हिजो यसै सन्दर्भमा कैबिनेट सचिव राजीव गौवाको आध्यक्षतामा राष्ट्रिय आपदा प्रबन्धन समितिको सभामा सिक्किमको स्थितिबारे समीक्षा गरियो। री गौवाले बताउनुभयो चुङथाङ– बाँधको सुरूङमा फँसिएका मानिसहय अनि पर्यटकहरूलाई उद्धार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

****** ० ******

**पी एम रामलिंग**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशको सांस्कृतिक ज्ञानमा विविधता महान् सन्तहरूको शिक्षाको साझा सूत्रसँग जोडिएको बताउनु भएको छ । उहाँले भन्नु भयो कि देशका महान सन्तहरूको शिक्षाले एक भारत श्रेष्ठ भारतको सामूहिक विचारलाई अझ बलियो बनाउँदछ। श्री रामलिंग स्वामीको २०० औं जन्मजयन्तीको अवसरमा एक भिडियो सन्देशमा प्रधानमन्त्री मोदीले श्री रामलिंग स्वामी देशको सबैभन्दा श्रद्धेय सन्तहरूमध्ये एक रहनु भएको बताउनु भएको छ।

****** ० ० ******

**सिक्किम सी.एम**

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङको अध्यक्षतामा आज मिन्तोकगाङमा आपदाको वर्तमान अवस्थाको मूल्याङ्कन गर्न, निवारण उपायहरूमाथि चर्चा गर्न अनि  सहयोगी कार्यका बारेमा छलफल गर्न उच्चस्तरीय बैठक बस्यो। बैठकमा मुख्य सचिव वीबी पाठक,  विभागीय प्रमुखहरू साथै  सम्बन्धित विभागका सचिवहरू उपस्थित थिए।बैठकमा मुख्य सचिवले सबै प्रभावित क्षेत्रमा राहत, पुनःस्थापना र पुनर्सृथापना कार्य गर्न सेना र सम्बन्धित निकायसँग सक्रिय समन्वयमा राज्य सरकारले चालेका कदमबारे जानकारी गराउनु भयो ।बैठकमा मुख्यमन्त्री तामाङले तत्काल पालनाका लागि विशेष निर्देशन जारी गर्नु भएको छ। उहाँले उद्धार, राहत, पुनर्वास औ  पुनर्सृथापनाका लागि अधिकारीहरूलाई समन्वयमा काम गर्न र व्यवस्थित संयन्त्र तयार गर्न आग्रह गर्नु भयो । घटनाको विस्तृत अध्ययन गरी भविष्यका लागि ठोस मार्गचित्र तयार गर्न विषय विज्ञ, वैज्ञानिक, वातावरणविद्, जलविद्युत विशेषज्ञ, अभियन्ता, नागरिक समाजका सदस्य, हिमनदी विज्ञ र बाँध विज्ञ सम्मिलित उच्चस्तरीय प्राविधिक समिति गठन गर्न निर्देश दिनु भयो ।मंगन, गान्तोक, पाकिम र नाम्ची जिल्लामा रहेका सबै सरकारी तथा निजी कलेजहरू भोलिदेखि अर्को सूचनासम्मका लागि बन्द रहनेछन्। आपदाको निम्ति योगदान गर्न चाहनेहरूले मुख्यमन्त्री राहत कोषमा जम्मा गर्न सक्नेछन्।

****** ० ******

**सिक्किम डिजाष्टर**

उत्तरी सिक्किमको दक्षिण ल्होनाक झील फुटेपछि टिस्टा नदीमा अचानक आएको बाढीले सिक्किम अनि  उत्तर बङ्गाल (पश्चिम बङ्गाल) को टिस्टा नदीको छेउछाउका क्षेत्रहरूमा ठूलो जनधनको क्षति पुर्याएको छ। यस प्राकृतिक प्रकोपको कारण सिक्किमका तीन जिल्लामा अहिलेसम्म १४ जनाको मृत्यु भएको पुष्टि भएको छ भने १२ जना सेनासहित १०२ जना निखोज छन् । सिक्किम सरकारको भूदृराजस्व तथा आपदा प्रबन्धन विभागले गत राति जारी गरेको एक रिपोर्टअनुसार टिस्टा नदीमा आएको बाढीको  कारण सिक्किमका तीन जिल्लामा १४ जनाको मृत्यु भएको छ । जसमध्ये गान्तोक जिल्लामा ३ जना, मङ्गन जिल्लामा ४ जना अनि  पाकिम जिल्लामा ७ जनाको मृत्यु भएको छ । नाम्ची जिल्लामा कसैको पनि मृत्यु भएको छैन तर पाँच जना निखोज छन् । यस्तै गान्तोकमा २२ जना, मङ्गनमा १६ जना अनि  पाकिममा ५६ जना टिस्टामा बगेका छन् ।

****** ० ******

**सिक्किम सर्च**

सिक्किममा बाढी प्रभावित क्षेत्रमा निखोज व्यक्तिहरूको खोजी र उद्धार कार्य जारी छ। त्रिशक्ति कोरका जवानहरूले उत्तरी सिक्किमको चुङथाङ, लाचुङ र लाचेन क्षेत्रमा फसेका नागरिक र पर्यटकहरूलाई चिकित्सा सहायता साथै  टेलिफोन सम्पर्क प्रदान गरिरहेका छन्। राष्ट्रिय आपदा मोचन बलको दोस्रो बटालियनका कमान्डेन्ट गुरमिन्दर सिंहले आकाशवाणी समाचारसँग कुरा गर्दै लाचुङको बाढी प्रभावित क्षेत्रमा उद्धार कार्यलाई थप तीव्रता दिन चाँडै नै थप सैनिक पठाइने बताउनु भयो ।

****** ० ******

**एन.बी फ्लड**

सिक्किममा बाढी आएपछि उत्तर पश्चिम बंगालका विभिन्न भागमा बाढीका कारण अवस्था बिग्रन थालेको छ । सबैभन्दा प्रभावित पहाडी क्षेत्रहरू दार्जिलिङ र कालिम्पोङको तराई र डुअर्स, जलपाईगुडी र अलीपुरद्वारको मैदानी क्षेत्र हुन्।छिमेकी सिक्किमको पहाडी क्षेत्रमा आएको बाढीका कारण टिस्टा नदीको पानी सीमा नाघेर आवासीय क्षेत्रमा बगेका कारण उत्तर बंगालका अन्य तीन जिल्लाहरू उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर र कुचबिहार जिल्लाहरूको अवस्था नाजुक रहेको बताइएको छ।जलपाईगुडी जिल्लाको गजोल्डोबा क्षेत्रमा बुधबार राति तीन जनाको शव फेला परेको छ । ती शव स्थानीयकै हुन् वा बाढीको पानीले पहाडबाट बगाएको प्रशासनले स्पष्ट गरेको छैन ।ठूलो परिमाणमा पानी छोड्न ब्यारेजको ताला खोल्नु परेपछि गजोल्डोबामा बाढीको अवस्था बिग्रियो ।बाढीको चिन्ताजनक अवस्थापछि उत्तर बङ्गालको पहाडी क्षेत्रमा पर्ने दार्जिलिङ र कालिम्पोङ जिल्लाका केही भाग मुख्य भूमिबाट पूर्णरुपमा काटिएका छन् । उद्धार टोलीले अहिलेसम्म यी क्षेत्रबाट पाँच हजारभन्दा बढीको उद्धार गरेको छ ।आज बिहान पश्चिम बंगालका गभर्नर सी.वी. आनन्द बोस बाढीको स्थितिको समीक्षा गर्न उत्तर बंगाल पुगे। राज्य बाहिरका कार्यक्रमहरू छोटो पार्दै उनी उत्तर बंगालको सिलिगुडी नजिकै बागडोग्रा एयरपोर्ट पुगे र एयरपोर्टबाट सिधै विभिन्न बाढी प्रभावित ठाउँहरूमा गए। मुख्यमन्त्री ममता ब्यानर्जीको निर्देशनमा राज्यमन्त्री पार्थ भौमिक र अधिकारीहरूको टोली उत्तर बङ्गालमा उपस्थित छ जसले स्थितिको समीक्षा गरिरहेको छ।

****** ० ******

**गर्वनर भिजिट**

पश्चिम बङ्गालका राज्यपाल सीभी आनन्द बोसले आज बाढी प्रभावित उत्तरी बङ्गालको भ्रमण गर्नु भएको छ। राज्यपाल बिहान कलकताबाट बागडोगरा विमानस्थलमा आई पुग्नु भयो । यसपछि उहाँ प्रभावित क्षेत्रको प्रत्यक्ष भ्रमणमा जानु भयो । यस अवधि राज्यपालले कालीझोडा पुगेर राष्ट्रीय राजमार्ग-१० को निरीक्षण गर्नु भयो साथै उहाँले प्रशासनिक अधिकारीहरूसँग बातचित गर्नु भयो अनि टिस्टा नदी क्षेत्रको पनि निरीक्षण गर्नु भयो ।उहाँले रंगधामाली क्षेत्रको राहत शिविरमा पीडित परिवारसँग बातचित गर्नु भयो अनि राहत शिविरमा बस्ने प्रति परिवार एक हजार रुपियाँको दरले राहत अनुदान दिने घोषणा गर्नु भयो ।राज्यपालले सिक्किमको प्राकृतिक आपदामाथि दुख व्यक्त गर्नुभयो अनि राज्य सरकार, केन्द्र सरकार, आपदा प्रबन्धन दल सबै मिलेर काम गरिरहेको उहाँले बताउनु भयो ।

****** ० ******

**ईडी रेड**

प्रवर्तन निदेशालय (ईडी) ले पश्चिम बङ्गालका खाद्य तथा आपूर्ति मन्त्री रथिन घोषको निवास सहित विभिन्न स्थानमा छापा मारेको छ । राज्यका शहरी निकायमा नियुक्तिमा भएको अनियमितताको जाँचको क्रममा यो कार्यवाही गरिएको हो । केन्द्रीय सुरक्षा बलका साथ जाँच एजेन्सीका अधिकारीहरू बिहान ६:१० बजे उत्तर २४ परगना जिल्लाको माइकल नगरस्थित घोषको निवासमा पुगेका थिए। यस घटनाको सम्बन्धमा राज्यका अन्य १२ स्थानमा पनि खोजी कार्य भइरहेको छ । मध्यग्रामबाट तृणमूल कङ्ग्रेसका विधायक रथिन घोष पहिले मध्यग्राम नगर निगममा हुनु हुन्थ्यो । छापा मार्ने समयमा घोष आफ्नो निवासमा हुनु हुन्थ्यो वा हुनु हुन्थेन भन्ने बारे तत्काल स्पष्ट हुन सकेको छैन । प्रवर्तन निदेशालयले वर्ष २०१४ देखि २०१८ को बीचमा राज्यका विभिन्न शहरी निकायहरूमा लगभग १ हजार ५०० यक्तिहरूको अवैध भर्तीको आरोपहरूको जाँच गरिरहेको छ।

****** ० ************ ० ******

**केपसिटी बिल्डिंग**

आवास तथा शहरी मामिला मन्त्री हरदीपसिंह पुरीले श्रमशक्तिको निम्ति क्षमता वृद्धि अत्यन्त महत्वपूर्ण भएकोले सरकारले यसमा विशेष जोड दिएको बताउनु भयो । शहरी स्थानीय निकायहरूको क्षमता निर्माणसम्बन्धी राष्ट्रिय कार्यशालालाई आज नयाँ दिल्लीमा सम्बोधन गर्दै उहाँले भन्नु भयो , ‘‘पहिले क्षमता निर्माणमा ध्यान केन्द्रित गरिएको थिएन तर अहिले देशमा क्षमता निर्माण आयोग छ। श्री पुरीले भन्नु भयो कि २००४ देखि २०१४ सम्म, सबै शहरी क्षेत्रका योजनाहरूमा खर्च एक लाख ७८ हजार करोड रुपियाँ भन्दा अधिक थियो, तर पछिल्लो नौ वर्षमा यो राशि बढेर १८ लाख करोडभन्दा अधिक पुगेको छ। श्री पुरीले भन्नु भयो कि स्वच्छ भारत अभियानले देशमा ठूलो परिवर्तन ल्याएको छ।

****** ० ******

**डलफिन डे**

आज राष्ट्रिय डल्फिन दिवस । राष्ट्रिय जलचर गंगा डल्फिनको संरक्षणका लागि जनचेतना फैलाउन हरेक वर्ष अक्टोबर ५ तारिखमा राष्ट्रिय डल्फिन दिवस मनाइन्छ । गंगा नदीमा पाइने डल्फिनको संरक्षणमा बिहारले महत्वपूर्ण भूमिका खेलेको छ । राज्य सरकारको मागमा केन्द्रले सन् २०१० मा गंगा डल्फिनलाई राष्ट्रिय जलचर घोषणा गरेको थियो।

****** ० ******

**तृणमूलको प्रतिवाद**

पश्चिम बंगाल

****** ० ******

**पश्चिम बंगाल – बाढी चेतावनी**

पश्चिम

****** ० ******

**तीनधारे-गाँधी जयन्ती**

खरसाङ

****** ० ******

****** ० ******